सिरीजङ्घा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
(शिक्षा, युवा तथा खेलकुद उप-शाखा)
तेल्लोक, ताप्लेजुङ
कोशी प्रदेश, नेपाल

प.सं.: ०८१/०८२
च.नं. १८१०

मिति: २०८२/०३/०२

विषय:- **शैक्षिक कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान प्रस्ताव माग गर्ने सम्बन्धमा।**

श्री सामुदायिक विद्यालय (सबै)
सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङ।

प्रस्तुत विषयमा चालु आ.व. २०८१/०८२ को लागि नेपाल सरकार सशर्त चालु अनुदान तर्फ "तोकिएका सूचकका आधारमा उत्कृष्ट व्यवस्थापन भएका विद्यालयलाई प्रोत्साहन अनुदान" वापत रु.५,००,०००।– (अक्षरेपी पाँच लाख रुपैँया मात्र) बाट गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरु मध्येबाट प्रथम अंक प्राप्त गर्ने विद्यालयलाई रु.३,००,०००।– (अक्षरेपी तीन लाख रुपैँया मात्र) र द्वितीय अंक प्राप्त गर्ने विद्यालयलाई रु.२,००,०००।– (अक्षरेपी दुई लाख मात्र) प्रदान गर्न सक्ने प्रावधान सामाजिक परीक्षण मापदण्ड, २०७८ ले व्यवस्था गरेको हुँदा यस गाउँपालिका भित्र सञ्चालित सम्पूर्ण सामुदायिक विद्यालयहरुले उत्कृष्ट दुई भित्र पर्ने आधार खुल्ने तपसिलमा माग भएको कागजात सहित मिति: २०८२/०३/१५ गते प्रस्ताव पेश गर्नुहुन जानकारी साथ अनुरोध छ।

संलग्न गर्नुपर्ने कागजातहरुः

१. मापदण्डको अनुसूची-१ को बुँदा नं. क देखि ञ सम्म भएको प्रावधान अनुसार सामाजिक परीक्षण समितिले पेश गरेको प्रतिवेदन।
२. मापदण्डको अनुसूची-२ को बुँदा नं. १ देखि ८ सम्म भएको व्यवस्थाको आधार खुल्ने कागजातहरु।

.....................
डम्बर बहादुर आङदेम्बे
प्रमुख प्रशासकीय अधिकृत

**अवगतार्थः**

श्री अध्यक्षज्यू/उपाध्यक्षज्यूको सचिवालय, सिरीजङ्घा गाउँपालिका, तेल्लोक, ताप्लेजुङ।

**बोधार्थः**

श्री १ देखि ८ नं. वडा कार्यालय, सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङ। (जानकारीको लागि)

श्री सूचना प्रविधि अधिकृत, सिरीजङ्घा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, ताप्लेजुङ। (फेसबुक पेज र वेबसाईटमा अपलोड गरिदिनुहुन)


sirijanghamun.gov.np ००९७७-९८५-२६६०-३३२ sirijangharuralmunicipality@gmail.com